वर्ष १९ | अंक २६३ | नेपाल संवत् ११४१ | २०७८ असार ५ गते शनिबार | 19 Jun. 2021 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ
# समाधान
samadhannews.com राष्ट्रिय दैनिक




# ‘संघीयताका लागि काम गरे साथ रहन्छ’

### प्रदेशको नाम तमुवान राखे सत्ता जोगाइदिने ‘अफर’ नस्विकारेको दाबी

**समाधान संवाददाता**
पोखरा, ४ असार



गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रदेशको नाम तमुवान राखे आफ्नो सरकार जोगाइदिने प्रस्ताव आएको दाबी गरेका छन् । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सदनमा राखेको विश्वासको मत सम्बन्धी प्रस्तावमाथि छलफल गर्दै उनले यस्तो दाबी गरेका हुन् । आफूलाई संसदको एउटा दलले त्यस्तो अफर गरेपनि आफूले नस्विकारेको उनले बताए । कुन पार्टी हो भन्ने बारे उनले केही खुलाएनन् ।

‘यो समिकरण बनाउने बेला धेरै साथीहरुसँग कुरा गर्‍यौं । एउटा पार्टीले भन्यो प्रदेशको नाम तमुवान् राखिस् भने तेरो सरकार जोगाउँछु भनेर,’ गुरुङको दाबी थियो, ‘मैले मानिनँ । चाहिँदैन, यो बाटोमा हिँड्न सक्दिनँ भनें ।’

गुरुङले मुख्यमन्त्री पोखरेललाई विश्वासको मत दिन सक्दिनँ भन्न नसक्ने बताए । पोखरेले परिपक्व, शालीन व्यक्तित्व भएकाले उनलाई विश्वासको मत दिन्नँ भन्न नसक्ने गुरुङले बताए । तर पोखरेलले अवसरवादीलाई लिएर सरकार बनाएकाले विश्वासको मत दिन नसक्ने उनको भनाइ थियो । ‘उहाँलाई म विश्वासको मत दिन्नँ भन्न गाह्रो भयो । कृष्णचन्द्रलाई दिनुहोस् भन्नुभएको होइन । मेरो नेतृत्वमा बनेको सरकारलाई भन्नुभएको छ,’ गुरुङले भने, ‘जुन धरातलमा अवसरवादीहरुको गठबन्धन भएको छ, त्यो गठबन्धनलाई एमालेले विश्वासको मत दिन सक्दैन ।’

आफूहरु प्रतिपक्षीमा रहेर रचनात्मक भूमिका निभाउने गुरुङको दाबी छ । सरकारका जुनै काममा पनि विरोध गर्ने प्रतिपक्षी नभई राम्रा कामको तारिफ पनि गर्ने गरी सरकारमा बस्ने उनको दाबी थियो । ‘हामी प्रतिपक्षीमा बस्दा निरपेक्ष रुपमा विरोध गर्नुपर्ने, खण्डन गर्नुपर्ने संस्कार छ, हामी एमाले त्यो बाट मुक्त हुन चाहन्छ,’ गुरुङले बताए ।

प्रदेशको गौरवका योजना, जनताका गौरव माथि उठ्ने काममा एमालेले प्रतिपक्षीमै बसेर पनि समर्थन गर्ने उनले बताए । संघीयताको सबलीकरणमा लागे अहिलेकको सरकारमा सहकार्य गर्न एमाले तयार भएको पनि उनले सुनाए । ‘प्रदेश सरकारको तहबाट संघीयताको पक्षमा डटेर लाग्छ भने तपाईंहरुलाई एमाले सहयोग गर्न तयार छ । संघीयताको खातिर तपाईंहरुको काम त्यो यात्रामा साँच्चै हिँड्छ भने हामी सहयात्रा गर्न तयार छौं,’ गुरुङले भने । गुरुङले प्रदेश सभालाई डमरुसँग तुलना गरे । स्थानीय तह र संघको चेपुवामा परेको र खुलेर आफूहरुले काम गर्न नपाएको उनको तात्पर्य थियो । ‘प्रदेश सरकार डमरु जस्तो छ । माथि पनि फुकेको, तल पनि फुकेको बीचमा सुकेको । कहाँ छ प्रदेश सरकारसँग अधिकार । राजस्व त उठाउन पाइँदैन । बजेट माथिबाट आउँछ’ उनले भने ।

उनले केपी ओली मात्रै नभइ काठमाडौँमा बस्नेहरुले संघीयता कार्यान्वयनमा सहयोग नगरेको आरोप लगाए । ‘तपाईंहरु केपी ओली मात्रै भन्नु हुन्छ । म काठमाडौँमा बसेका सबै नेताहरुलाई भन्छु । काठमाडौँमा बस्ने मन्त्रीहरुको मानसिकता बुझेको छु,’ उनले भने, ‘पहिलो संविधान सभाको सदस्य भएको हिसाबले हरेक नेताको कुरा सुनेको छु ु। कसले कहाँ प्रयोग गरे । कस्ले व्यापारको कुरा गर्छ हामीले बुझेका छौं । त्यहाँ (काठमाडौं)को मानसिकता खराब छ । किन रहन्छ ५० कर्मचारी प्रदेशमा किन आउँदैन १५/२० हजार । खाली यो एक जनाको कारणले मात्रै हो ? त्यहाँ मुख्यसचिवदेखि सारा सचिवको कुरा छ ।’

प्रदेश २ का मुख्यमन्त्रीले बारम्बार संघीयतालाई अवान्छित गर्भबाट जन्मिएको बच्चा भनेको सम्झना गर्दै गुरुङले नेताहरुले त्यस्तै त्यस्तै बनाएको आरोप लगाएका हुन् । प्रदेशसभामा संघीयताको प्रभावकारीता र काठमाडौंले संघीयताप्रति गरेको व्यवहारको विषयमा लामो व्याख्या गरेका नेता गुरुङले संघीयता हुर्काउने बाबुआमा नै नभएको बताए ।

‘प्रदेश नम्बर २ को मुख्यमन्त्रीले भन्नुहुन्थ्यो, यो संघीयता अवान्छित गर्भाधानबाट जन्मिएको बच्चा हो, यो बेसाहारा भयो । यसलाई हुर्काउने बाबुआमा नै भएन भनेर बारम्बार भन्नुहुन्थ्यो’, गुरुङले भने, ‘ हो संघीयतालाई त्यस्तै त्यस्तै बनाएको हो हाम्रा नेताहरुले ।’

अहिलेका प्रदेश सरकार पहिलाको अञ्चलजस्तै भएको तर्क गरे । ‘नाम मात्रै प्रदेश, अञ्चलजस्तै भएका छौं व्यवहारमा । अञ्चल कमिटीजस्तै भएका छौं प्रदेश कमिटीहरू । पहिला अञ्चलमा सरकार थिएन । अहिले प्रदेशमा त्यस्तै भएको छ,’ उनले भने ।

संघीयतालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न आफूले प्रदेशमा ११ वटा मन्त्रालय बनाएको गुरुङले दाबी गरे । ‘४० महिना काम गर्दा, वार्षिक समीक्षा गर्दा मन्त्रालय जुन संरचना पठाइयो यो असाध्यै भद्रगोल, गुलियो र अमिलो एकै ठाउँमा राखेजस्तो,’ उनले भने, ‘त्यसमा जुन मन्त्रालय हो त्यसमा मात्रै ध्यान जाने । मन्त्रालयमा साह्रै चाप पर्‍यो ।’

आफूले मुख्यमन्त्री पद छाड्नु अघि प्रतिपक्षीलाई सजिलो हुने गरी मन्त्रालय विस्तार गरेकोमा आफू मुर्ख सावित भएको व्यंग्य गरे । पद छाड्ने बेला त्यो निर्णयलाई बदर गर्न सक्ने भएपनि अवस्था बुझेकाले बदर नगरिदिएको गुरुङको जिकिर थियो । ‘ प्रतिपक्षलाई सजिलो हुने काम कुनै मुख्यमन्त्रीले गर्छ ? यो दुनियाँमा, यो नेपालमा मुर्ख मुख्यमन्त्री मै हुँ । जसले प्रतिपक्षलाई ठुलो ठाउँ खोलिदिएको छ,’ उनले भने, ‘म जाँदाजाँदै यो नगर्ने भनेर पुरानै कायम गर्ने भनेर एउटै निर्णयले गर्न सकिन्थ्यो । तर मैले त्यो चाँहिन । म समग्र प्रदेशको विकास चाहने व्यक्ति हो ।’

# पोखरेलले पाए विश्वासको मत

**अनिष भट्टराई**
पोखरा, ४ असार

नवनियुक्त मुख्यमन्त्री कृष्णचन्द्र पोखरेलले विश्वासको मत प्राप्त गरेका छन् । उनलाई गण्डकी प्रदेश सभाका बहुमत अर्थात ३१ सांसदले मत दिए । एमालेका २७ सांसदले भने उनले राखेको विश्वासको मत सम्बन्धी प्रस्तावको विपक्षमा मत हाले । ६० सदस्यीय गण्डकी प्रदेश सभामा राष्ट्रिय जनमोर्चाका सांसद कृष्ण थापालाई सर्वोच्च अदालतले सांसद पद नरहने आदेश गरेपछि सांसद कायम संख्या ५९ छ । जनमोर्चाले नै हालेको मुद्दामा सर्वोच्चको त्यस्तो आदेश आएको थियो ।

शुक्रबार विश्वासको मत विभाजन हुँदा ५८ सांसद उपस्थित थिए । मुख्यमन्त्री पोखरेलले मंगलबार संसद सचिवालयमा विश्वासको मत लिने सम्बन्धी प्रस्ताव दर्ता गराएका थिए । २९ जेठमा मुख्यमन्त्री नियुक्त भएका पोखरेललाई १ महिनाभित्र विश्वासको मत लिनैपर्ने बाध्यता अनुसार विश्वासको मत मागेका थिए ।

संविधानको धारा १६८ (५) अनुसार मुख्यमन्त्री नियुक्त भएका पोखरेलले २८ असारसम्ममा विश्वासको मत लिनैपर्ने बाध्यता भएपनि सरकारका कामकारबाही अघि बढाउन छिट्टै विश्वासको मत मागेका हुन् ।

कांग्रेस, माओवादी, जसपा, जनमोर्चा ४ दलीय गठबन्धनमा किचलो आउन नदिन र सरकारका कारबाही अघि बढाउन विश्वासको मत लिएपछिमात्रै मन्त्रालय विस्तार गर्ने मुख्यमन्त्री पोखरेलले तयारी गरेका छन् । निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले विश्वासको मत प्राप्त गर्न नसकेपछि मुख्यमन्त्रीमा प्रदेश प्रमुख सीताकुमारी पौडेलले पोखरलाई नियुक्त गरेकी थिइन् ।

मन्त्रालय विस्तार र नियुक्त मन्त्रीहरुलाई मन्त्रालयको जिम्मेवारी नतोक्दा सरकारको कारबाही अघि बढाउन समस्या आएको छ । विश्वासको मत पाएका मुख्यमन्त्री पोखरेलले अब मन्त्रालय विस्तार र मन्त्रालय भागभण्डा गर्ने तयारी गरेका छन् । शनिबार मुख्यमन्त्री पोखरेलसँगै उनकै दल कांग्रेसबाट कुमार खड्का, माओवादीबाट मधुमाया अधिकारी, जनता समाजवादीबाट हरिशरण आचार्य, र स्वतन्त्र सांसद दीपक मनाङेलाई मन्त्री बनाएका थिए । अहिले यी ४ जना नै विनाविभागीय हुन् ।

मुख्यमन्त्री नियुक्त भएको तेस्रो दिनमै पोखरेल सरकारले बजेट ल्याएको थियो । शनिबार मुख्यमन्त्री नियुक्त भएका मुख्यमन्त्री पोखरेलले आइतबार नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

जम्बो गठबन्धन सहित मुख्यमन्त्री बनेका पोखरेललाई गठबन्धनलाई एक ढिक्का बनाएर राख्नुपर्ने चुनौती छ । नेकपामा आएको फुटझैं गठबन्धनमा पनि फुट सिर्जना हुनसक्ने संशय मुख्यमन्त्री पोखरेलमा छ । निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले अहिलेको गठबन्धन लामो समय नजाने र फुट सिर्जना हुने आँकलन गरिसकेका छन् ।



सांसदहरुले विश्वासको मत सम्बन्धी प्रस्तावको छलफलमा गठबन्धनको सरकारलाई खिचडीको सरकार भएको/नभएकोमै बहस गरे । सत्तारुढ सांसदहरुले अहिलेको सरकार खिचडीको सरकार नभएको दाबी गरे भने प्रतिपक्षी एमाले सांसदहरुले ४ दलको सरकार खिचडी सरकार भएको र सत्ताका लागिमात्रै खिचडी पकाइएको दाबी गरे । केही सांसदले खिचडी मिठो हुन्छ भन्दै खिचडीको बयान पनि गर्न भ्याए ।

एमाले सांसद धनञ्जय दवाडीले सत्ता प्राप्तिका लागि गठबन्धन बनेको र यो सरकार धेरै लामो नजाने उनले बताए । माओवादी र कांग्रेसले आआफ्नो दस्तावेजमा एकअर्कालाई प्रमुख शत्रु माने पनि अहिले सत्ता प्राप्तिका लागि आफ्नै दस्तावेज भुलेर आएको बताए । ‘माओवादी र कांग्रेसले एकअर्कालाई दस्तावेजका हिसाबले मित्र शक्ति मान्दैन ।

**विश्वासको मत सम्बन्धी प्रस्ताव दर्ता भएपछि सांसदहरुले सरकार खिचडी भए/नभएको भन्दै दोहोरी खेले**

माओवादीले दस्तावेजका हिसाबले कांग्रेसलाई प्रमुख दुश्मन किटान गर्छ । तपाइंहरुले त्यसले कसरी स्वीकार गर्न सक्नुहुन्छ ? यो गठबन्धन अप्राकृतिक, अराजक, सत्ताका लागि मात्रै नभए केका लागि हुन्छ ?’ उनको प्रश्न थियो ।

नीति तथा कार्यक्रममाथि छलफल गर्दा सत्तारुढ सांसदले नै सरकारलाई खिचडी सरकार बताएको दवाडीले बताए । ‘सत्ताकै सांसदले सरकारलाई खिचडी सरकार भएको बताउनुभयो । सदन सत्ता प्राप्तिका लागि मात्र होइन, लोगो लगाउनमात्रै होइन भन्ने बुझौं,’ उनले भने । अर्का सांसद राजीव पहारीले केही व्यक्तिलाई झण्डा हल्लाउने इच्छा लागेकाले सरकार गठनमा लागेको आरोप लगाए । केन्द्रको रिमोट कन्ट्रोलमा चलेर प्रदेशमा गठबन्धनको सरकार बनेको उनको भनाइ थियो । गठबन्धनको सरकारलाई खिचडीको संज्ञा दिँदै सरकारको कुनै रुप पनि नभएको बताए । ‘सरकारको रुप हेर्ने हो भने न हाँसको चाल न बकुल्लाको चाल जस्तो छ । खुर्सानीको बोट रोपेर सुन्तलाको आश गर्न सकिन्नँ,’ उनको कटाक्ष थियो । पुराणको नरसिंह जस्तो सरकार दुईरुपी भएको पहारीले बताए । ‘हेर्दा सिंह जस्तो पनि देखिने, हेर्दा मान्छे जस्तो पनि देखिने, किन सरकार बनेको भन्ने त सरकार गठनको भोलिपल्टै सुविधा सम्बन्धी ऐन बनाउन लागेकै देखियो,’ उनले भने ।

| विश्वासको मत | |
|---|---|
| पक्ष | ३१ |
| विपक्ष | २७ |
| खसेको मत | ५८ |

एमाले सांसद मनबहादुर गुरुङले मनाङ पुगे पनि मादी गाउँपालिकाको निरीक्षणमा मुख्यमन्त्री जान नसकेको भन्दै आलोचना गरे । पोखराबाट १५ मिनेट टाढा रहेको मादीमा बाढीले विध्वंश निम्त्याएको तर मुख्यमन्त्रीले त्यता निरीक्षण गर्न नसकेको उनले बताए । ‘१५ मिनेटको बाटोमा पुग्न नसक्ने, मनाङ पुगेछन् । निरिक्षण गर्न गइदिनोस् म साधन स्रोतको व्यवस्था गरिदिन्छु,’ उनले भने ।

एमाले सांसदहरुले सरकारलाई खिचडीको संज्ञा दिएपछि बोल्न आएकी कांग्रेस सांसद ओमकला गौतमले खिचडीको बयान व्याख्या गर्न थालिन् । ‘खिचडी भनेको के हो भन्ने बुझ्नुस् । खिचडी आवश्यकता अनुसार पाक्छ, औषधी पनि हो,’ उनले सुरुमै भनिन्, ‘ एकदमै मिठो हुन्छ कि खिचडी भनेको हरेक दिन खान पाउने चिज पनि होइन, खिचडी जस्तो मिठो पाक्यको अपमान गर्नुभयो ।’ अहिलेको सरकार अपवित्र गठबन्धनको नभएको र सरकार जनताप्रति गम्भीर भएको बताइन् ।

एमाले संसदीय दलका प्रमुख सचेतक मायानाथ अधिकारीले सरकारले प्रेस विज्ञप्ति जस्तो बजेट ल्याएको भन्दै आलोचना गरे । नयाँ सरकारले तयारी बिना, कर्मचारीहरुको समन्वय बिना आफूखुसी विज्ञप्ति जस्तो बजेट ल्याएको उनको आरोप थियो । प्रतिपक्षीमा बस्दा कांग्रेसले भनेका योजनाहरु १ घर १ पिसिआर, सबै जनतालाई खोपजस्ता कार्यक्रमलाई कांग्रेस आफैंले सरकारमा गएपछि भुलेको उनको भनाइ थियो ।

जनमोर्चा सांसद पियारी थापाले पुस ५ को घटनाले गर्दा पृथ्वीसुब्बाको सरकारलाई साथ दिन नसकिएको बताइन् । ‘सरकारले राम्रो काम गर्छ भन्ने आशले अहिलेको सरकारलाई हामी विश्वासको मत दिन्छौं । आफूसँग भएमात्रै ठीक भन्ने सोचबाट ग्रसित भए सही ठाउँमा पुग्न सक्दैनौं,’ उनले भनिन् ।

हरिबहादुर चुमानले प्रदेश सभामा दोहोरी खेलिएको र आलोचना खेप्दाखेप्दा माओवादी सांसदको छाला बाक्लो भएको बताए । ‘दोहोरीमा म जान्नँ, छाला बाक्लो भइसक्यो,’ उनको व्यंग्य थियो ।

मुख्य कामहरु पुरानो सरकारकै कामलाई अहिलेको सरकारले निरन्तरता दिने बताए । पहिलो सरकारको सत्ता सहयात्री माओवादी केन्द्र नयाँ सरकारमा पनि सहभागी भएकाले पुराना कार्यक्रमलाई निरन्तरता दिनुका साथै केही नयाँ योजना पनि ल्याइने बताए ।

आफ्नो दलले कांग्रेसलाई विपरित शक्तिको रुपमा आफ्नो दस्तावेजमा राखेको तर त्यो एकताका लागि भएको बताए । ‘एकता गर्न लागेको भएपो दस्तावेज विरुद्ध गयो भन्ने । हामी त संघीयताको रक्षा, धर्मनिरपेक्षताको रक्षाका लागि संघर्ष गरिरहेका छौं, सडकमा सँगै गयौं,’ चुमानले एमाले सांसद धनञ्जय दवाडीलाई उत्तर फर्काए ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले निवर्तमान मुख्यमन्त्रीले आफू र आफ्नो परिवारकै योगदानको कदर गरिदिएकोमा धन्यवाद दिए । यस्तै एमालेले रचानात्मक भूमिका निभाउने सन्दर्भमा आफूहरु विपक्षीमा रहँदा प्रदेश सरकारका सकारात्मक कुरालाई बत(ाउँदा प्रतिपक्षी भएन भनेर आलोचना गरिएको स्मरण गरे । ‘हामीले सकारात्मक कुरा हाइलाइट गर्दा प्रतिपक्षी भएन भनेर आलोचना आए,’ उनले स्मरण गरे ।

आफ्नो दल प्रतिपक्षीमा रहँदा ल्याएको ‘एक घर, एक पिसिआर’ कार्यक्रम अहिले खोपका कारण छायाँमा परेकाले आफूहरु खोप व्यवस्थापनमा लागेको पोखरेलले बताए । ‘अहिलेको मुख्य आवश्यकता खोप हो, सबै जनतालाई खोपको व्यवस्था गर्न लाग्छौं । पिसिआर पनि गरिरहन्छौं,’ पोखरेलले भने ।

## बाघ - स्थानीय घम्साघम्सी !

पोखरा, ४ असार (समाधान)- कास्कीको रुपा गाउँपालिकामा बाघको आक्रमणमा परि २ पुरुष घाइते भएका छन् । स्थानीयले बाघलाई प्रतिकार गर्दा अन्त्यमा बाघले ज्यान गुमाएको छ ।

गाउँपालिकाको वडा नम्बर ७ धारापानी बस्ने ३४ वर्षीय तुलबहादुर गुरुङ र ३२ वर्षीय मीलन गुरुङ बाघको आक्रमणबाट घाइते भएको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले जनाएको छ ।

तुलबहादुर बिहान आफ्नै बारीमा घाँस काट्न जाँदा अचानक बाघ देखेपछि भाग्ने क्रममा पछाडिबाट बाघले चिथोरेर घाइते बनाएको प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

यसैगरी स्थानीयवासीले देखेर बाघको प्रतिकार गर्ने क्रममा सोही ठाउँ बस्ने ३२ वर्षीय मीलन गुरुङ घाइते भएका हुन् । उनको टाउकोमा चोट लागेर घाइते भएका हुन् । स्थानीयवासीको प्रतिकारका क्रममा बाघको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।



## कविता

# पुर्खाहरुप्रति



**मनु मञ्जिल**

म पुर्खाहरुले छाएको छानाले वर्षात् रोक्छु
पुर्खाहरुले उभ्याएको पर्खालले आँधी छेक्छु
मसित मैले नबनाएको एउटा सुन्दर घर छ
मैले नकमाएको ऐश्वर्य छ ।

म पुर्खाकै झ्यालमा बसेर इन्द्रेणी हेर्छु
पुर्खाकै बार्दलीबाट बादलहरुको मेला हेर्छु
बिहानसँगै उठेर
सुनौलो हिउँको घुम ओढेका शिखरहरु हेर्छु
साँझ ताराहरुको सम्मेलन हेर्छु ।

राती कोठैमा ओर्लिन्छन् रंगीन सपनाहरु
मेरैझैं लाग्ने प्रिय ती सपनाहरु हेर्छु ।

हावालाई पनि थाहा छ मेरो ठेगाना
वनका चराहरुलाई पनि थाहा छ
घामलाई प्रेमले लिपिएको मेरो आँगन थाहा छ
मलाई थाहा हुनुअगावैदेखि
टाढादेखि आउने बूढो हुलाकीलाई थाहा छ मेरो ठेगाना
मैले कहिल्यै नबताएको ठेगाना
कहिल्यै नबनाएको मेरो परिचय
अपरचित कुन्नि क-कसलाई पो थाहा छ ।

मसित मैले नरोपेको फूलको बगैचाँ पनि छ
मैले कहिल्यै नखनेको करेसाबारी पनि छ
मेरा पुर्खेले हुर्काएको रंग हो
जुन तिमी मेरो बगैंचामा खेलेर निस्कने
किरणहरुमा देख्छौ
मेरा पुर्खेले बालेको दियाको हो

जुन तिमी मेरो घरआँगनमा छरिएको उज्यालो देख्छौ
पुर्खाकै हो जुन लय, जुन ध्वनी र बोली
तिमी मेरा कवितामा सुन्छौ
र मेरा पुर्खाले नै बनाएको देश हो त्यो
यात्रामा जहा पुगेर तिमी
बुद्धनजिक र हिमालको छेउ उभिन्छौ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य उत्तरायण, ग्रीष्मर्तुः, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल आषाढ ६ गते रविबार नेपाल सम्बत ११४१ तछलाथ्व तदनुसार सन् २०२१ जून २० तारिक शुक्लपक्ष दशमी तिथि मध्यान्ह १२ वजेर २७ मिनेटसम्म, चित्रा नक्षत्र अपरान्ह ३ वजेर ४६ मिनेटसम्म, परिघयोग, गरकरण, आनन्दादियोग पद्म, सूर्य वृष राशिमा, चन्द्रमा तुला राशीमा ।

## राशिफल



**वेदनिधि तिमिल्सिना**
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

**मेष** ■ भावि योजनाको बारेमा विचार विमर्श गर्नु होला ।
**वृष** ■ काममा देखिएका समस्या केहि कम भएर जानेछन् ।
**मिथुन** ■ समस्या बढ्ने, काम गर्ने जोश जागर घट्नेछ ।
**कर्कट** ■ आय, सहास, धैर्यता र कार्य क्षमता बढ्नेछ ।
**सिंह** ■ प्रयत्नपूर्वक गरेका काम सफल हुनेछन् ।
**कन्या** ■ उत्तम आसन र भोजन प्राप्तिको योग देखिन्छ ।
**तुला** ■ व्यर्थको घुमाई फिराइ,फजुल खर्च बढ्नेछ ।
**वृश्चिक** ■ आत्मविश्वास बढ्ने तथा फलदायी काम हुनेछन् ।
**धनु** ■ सामाजिक उत्तरदायित्व बढ्ने,काममा सफलता ।
**मकर** ■ जीवन साथिको सहयोग लिएर काम गर्दा राम्रो ।
**कुम्भ** ■ `दिन प्रतिकुल,काम गरेर हात लाग्यो शून्य ।
**मीन** ■ आयत निर्यात व्यापारबाट आम्दानी बढ्नेछ ।

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
**सम्पर्क**
**9802815296**
**9802815293**

# के पढाउने, के नपढाउने ?

हामीलाई थाहा छैन– अबको ३० वर्षपछि मानिसले जीवन-निर्वाहका लागि कस्तो रोजगारी गर्नेछन्; सेना र कर्मचारीतन्त्रले कसरी काम गर्नेछन्; लैंगिक सम्बन्ध कस्ताखाले हुनेछन् । त्यसैले, आज केटाकेटीले जेजति सिकिरहेका छन् त्यसमध्ये अधिकतर सन् २०५० सम्ममा अप्रासंगिक हुन पुग्ने सम्भावना छ ।

मानवजातिले अभूतपूर्व क्रान्तिहरूको सामना गर्दैछ; हाम्रा सारा कथा ध्वस्त भइरहेका छन्, अनि तिनको स्थान लिन कुनै नयाँ किस्सा अहिलेसम्म हाम्रासामु आइपुगेको छैन । यस प्रकारका अभूतपूर्व रूपान्तरण र जरैदेखि उलटफेर गरिदिने अनिश्चितताहरूले भरिएको दुनियाँ सामना गर्न हामीले आफूलाई र आफ्ना केटाकेटीलाई कसरी तयार गर्नुपर्ला ? आज जन्मेको बच्चा सन् २०५० मा तीस वर्षको हाराहारीमा हुनेछ । सबै कुरा ठीकठाकसँग चल्दै गयो भने त्यो बच्चा सन् २१०० सम्म जीवित एवं स्वस्थ रहनेछ, र हुन सक्छ, उसले २२ औं शताब्दीको पनि सक्रिय नागरिक बन्ने मौका पाओस् । त्यसैले हामीले आजको बच्चालाई त्यस्तो के पढाउनुपर्ला, जसले उसलाई सन् २०५० अथवा त्यसभन्दा पनि पछिको २२ औं शताब्दीको दुनियाँमा ‘ जीवित’ बनिरहन र फल्न-फुल्न मदत गर्न सकोस् ? रोजगारी प्राप्त गर्न, आफू वरिपरिका घटनाक्रमलाई बुझ्न अनि जीवनको घनचक्करका बीच आफ्नो गोरेटो निर्माण गर्न उसलाई कस्ताखाले दक्षता आवश्यक पर्लान् ?

दुर्भाग्यवश, आज हामी कसैलाई पनि, सन् २१०० को त कुरै छोडौं, सन् २०५० मै यो दुनियाँको अनुहार कस्तो हुनेछ भन्ने कुराको कुनै भेउ छैन । त्यसैले शिक्षा सम्बन्धी यी प्रश्नको जवाफ पनि कसैलाई थाहा छैन । हो, मानिसले भविष्यको पूर्वानुमान कहिल्यै ठीक-ठीक तवरमा गर्न सक्तैनन् । तर, आज यो काम हिजोभन्दा निकै बढी मुश्किल भएको छ । किन भने, जुन दिन प्रविधिले हामीलाई शरीर, गिदी र मस्तिष्क नयाँ किसिमले निर्माण गर्न सक्षम बनाइदिनेछ, त्यसै दिन हामी कुनै पनि कुराबारे पक्कापक्की तवरमा केही पनि भन्न सक्ने स्थितिमा रहनेछैनौं । यसमा ती कुरा पनि सामेल हुनेछन्, जो त्यतिन्जेलसम्म निश्चित र शाश्वत प्रतीत हुने गर्थे ।

एक हजार वर्षअघि, सन् १०१८ मा, भविष्यसँग जोडिएका त्यस्ता धेरै कुरा थिए जसका बारेमा मानिसलाई थाहा थिएन; तर पनि उनीहरूलाई विश्वास हुनेगर्थ्यो– मानव समाजका आधारभूत लक्षणमा कुनै परिवर्तन आउनेवाला छैन । तपाईं सन् १०१८ मा चीनमा बसोबास गर्नुहुन्थ्यो भने, सन् १०५० सम्ममा साङ साम्राज्य ध्वस्त हुन सक्छ, उत्तर दिशाबाट ‘ खितान’ (मंगोलियातिरका फिरन्ते जनजाति) ले आक्रमण गर्न सक्छन् अनि महामारीले लाखौंको ज्यान लिन सक्छ भन्ने तपाईंलाई थाहा नहुन सक्थ्यो । तर, तपाईंका सामु के कुरा स्पष्ट थियो भने, सन् १०५० मा पनि अधिकतर मानिस किसान अथवा बुनकरका रूपमा काम गरिरहेका हुनेछन्, शासकहरूले त्यसवेला पनि आफ्नो फौज र कर्मचारीतन्त्रमा मानिसहरू नै भर्ना गरिरहनुपर्नेछ, त्यसवेला पनि महिलाहरूमाथि पुरुषको वर्चस्व कायमै रहनेछ, औसत आयु-सीमा चालीस वर्ष हाराहारी नै रहनेछ अनि मानिसको शरीर ठ्याक्कै ‘अहिलेको जस्तै’ भइराख्नेछ । त्यसैले सन् १०१८ मा गरीब चिनियाँ अभिभावक आफ्ना छोरालाई धान रोप्ने र रेशमको कपडा बुन्ने विधि सिकाउँथे, सम्पन्नतर अभिभावक आफ्ना छोरालाई कन्फ्युसियस-साहित्य पढ्ने, चित्रलिपि लेख्ने अथवा घोडा चढेर युद्ध गर्ने विधि सिकाउँथे, अनि सबैले छोरीलाई चाहिं विनम्र तथा आज्ञाकारी गृहिणी बन्ने शिक्षा दिन्थे । कुरो स्पष्टै थियो– यी दक्षताहरूको आवश्यकता सन् १०५० मा पनि पर्नेवाला थियो ।

परन्तु, आज हामी कसैगरी अनुमान गर्न सक्तैनौं– सन् २०५० मा चीन अथवा बाँकी दुनियाँ कस्तो खालको हुनेछ । हामीलाई थाहा छैन, अबको ३० वर्षपछि मानिसले जीवन-निर्वाहका लागि कस्तो रोजगारी गर्नेछन्; हामी जान्दैनौं, सेना र कर्मचारीतन्त्रले कसरी काम गर्नेछन्; हामीलाई अन्दाज छैन, लैंगिक सम्बन्ध कस्ताखाले हुनेछन् । केही मानिस शायद आजको तुलनामा बढी लामो जीवन जिउनेछन्; बायो-इन्जिनियरिङ र प्रत्यक्ष मस्तिष्क-कम्प्युटर-इन्टरफेसका कारण मानवीय शरीर स्वयंमै अभूतपूर्व क्रान्ति हुनेछ । त्यसैले, आज केटाकेटीले जेजति सिकिरहेका छन् त्यसमध्ये अधिकतर सन् २०५० सम्ममा अप्रासंगिक हुन पुग्ने सम्भावना छ ।

अहिले अधिकतर स्कूल केटाकेटीमा सूचना कोच्नमा जोड दिन्छन् । अतीतमा यसले अर्थ राख्थ्यो; किन भने एक त सूचना नै दुर्लभ थियो, त्यसमाथि विद्यमान सूचनाको मन्द चुहावटलाई समेत सेन्सरशिप मार्फत बारम्बार अवरुद्ध गरिन्थ्यो । उदाहरणका लागि, तपाईं सन् १८०० मा मेक्सिकोको कुनै सानो गाउँले बस्तीमा बस्नुहुन्थ्यो भने त्यसभन्दा बाहिरको व्यापक दुनियाँका बारेमा थप जानकारी पाउन निकै मुश्किल थियो । त्यहाँ कुनै रेडियो, टेलिभिजन, इन्टरनेट, दैनिक अखबार अथवा सार्वजनिक पुस्तकालय आदि केही थिएनन् । तपाईं साक्षर भए र कुनै निजी पुस्तकालयमा तपाईंको पहुँच भए नै पनि उपन्यास र धार्मिक ग्रन्थबाहेक त्यहाँ पढ्नका निम्ति बढी केही हुँदैनथ्यो । स्पेनी साम्राज्यले स्थानीय स्तरमा मुद्रित हुने तमाम सामग्रीलाई नराम्ररी सेन्सर गर्नेगर्थ्यो अनि बडो सावधानीपूर्वक जाँचबुझ गरिएका अति सीमित प्रकाशनलाई मात्र बाहिरबाट आयात गर्न छूट दिनेगर्थ्यो । लगभग यही कुरा, त्यसवेला तपाईं रूस, हिन्दुस्तान, टर्की अथवा चीनको कुनै गाउँले बस्तीमा बस्नुहुन्थ्यो भने पनि लागू हुन्थ्यो । जब आधुनिक स्कूल अगाडि आए र तिनले केटाकेटीलाई पढ्ने र लेख्ने अनि भूगोल, इतिहास र जीवविज्ञानका आधारभूत तथ्यहरूको शिक्षा दिने काम शुरू गरे, तिनीहरूले अपरिमित सुधारको प्रतिनिधित्व गरे ।

आज तपाईं मेक्सिकोको कुनै ग्रामीण बस्तीमा बस्नुहुन्छ र तपाईंसँग स्मार्टफोन छ भने, आफ्नो जीवनको अत्यधिक समय विकिपेडिया पढ्दै, टेड-टक्स (मुख्यतः प्रविधि, मनोरंजन र डिजाइनमा केन्द्रित, छोटा कुराकानी मार्फत नयाँ सोच, विचार प्रवर्धन गर्ने श्रव्यदृश्य कार्यक्रम) हेर्दै अनि ‘फ्री अनलाइन कोर्स’ लिँदै बिताउन सक्नुहुन्छ । कुनै पनि सरकार आज आफूले नचाहेको सूचना लुकाउन सक्ने आशा गर्न सक्तैन । बरु, जनतालाई परस्परविरोधी रिपोर्ट र मुख्य कुराबाट ध्यान विकेन्द्रित गर्ने असंख्य सूचनाले पुरिदिन उनीहरूलाई सजिलो भएको छ । दुनियाँभरिका मानिस अलेप्पो (सिरियाको एक शहर) को गोलीबारी अथवा आर्कटिकका पग्लिंदा हिमशिखरहरू बारेका ताजा जानकारीबाट एउटा बटन थिच्ने मात्र दूरीमा छन्, तर यी सबका बारेमा यति परस्परविरोधी जानकारी उपलब्ध छन् कि कुनमा विश्वास गर्ने भन्ने बुझ्नै महाभारत छ । जब राजनीति अथवा विज्ञान ज्यादै जटिल अथवा अबोधगम्य लाग्न थाल्छ, त्यसवेला त्यहाँबाट ध्यान हटाएर कुनै रमाइलो क्याट भिडिओ, सेलिब्रिटी गसिप अथवा ‘पोर्नोग्राफी’ हेर्ने लोभ जाग्न थाल्छ ।

यस प्रकारको दुनियाँमा कुनै शिक्षकले आफ्ना विद्यार्थीलाई ‘अरू बढी’ जानकारी दिनुपर्ने कुनै आवश्यकतै रहँदैन । त्यो जानकारी उनीहरूसँग पहिलेदेखि नै भरपूर मात्रामा हुन्छ । यसको सट्टा मानिसले सूचनाको सार्थक व्याख्या गर्न सक्ने; महत्वपूर्ण र गैर-महत्वपूर्णका बीच फरक छुट्याउन सक्ने; र सबैभन्दा बढी, सूचनाका थुप्रै अंश मिलाएर दुनियाँको व्यापक तस्वीर निर्माण गर्न सक्ने हुन जरूरी छ ।

त्यसो त, पश्चिमको उदारवादी शिक्षाको आदर्श लामो समयदेखि यही रहँदै आएको छ तर अत्यधिकांश पश्चिमी स्कूल यो आदर्शमा पुग्न सकेका छैनन् । शिक्षकहरूले एकातिर ढुक्कसँग विद्यार्थीको दिमागमा तथ्यांक र सूचना खाँदिरहे भने अर्कातिर विद्यार्थीलाई ‘स्वयं सोच्न’ प्रोत्साहित पनि गरिरहे । उनीहरूले के सोच्तै आए भने, जबसम्म विद्यार्थीलाई डंगुर सूचना र केही स्वतन्त्रता उपलब्ध गराउँदै जाइन्छ तबसम्म उनीहरूले दुनियाँको आफ्नै पाराको तस्वीर निर्माण



**युवल नोह हरारी**

> **अब स्कुलमा चार ‘सी! पढाउन जोड दिनुपर्छः क्रिटिकल थिंकिङ (विवेचनात्मक चिन्तन), कम्युनिकेशन (सम्प्रेषण), कोल्याबोरेशन (सहकार्य) र क्रिएटिभिटी (सृजनात्मकता)। स्कुलले प्राविधिक दक्षताहरुलाई कम र जीवन सम्बन्धी दक्षताहरुलाई बढी महत्व दिनुपर्छ ।**

गरिरहनेछन् । र, एउटा पुस्ता ती सारा सूचना संश्लेषण गरेर दुनियाँको सुसंगत र अर्थपूर्ण चित्र बनाउन असफल नै रह्यो भने पनि भविष्यमा त्यस्तो चित्र निर्माण गर्न पर्याप्त समय हुनेछ । तर अब हामीसँग त्यस्तो समय बाँकी छैन । आगामी केही दशकमा हामीले जे जस्ता निर्णय लिनेछौं, तिनले स्वयं जीवनको भविष्यलाई आकार दिनेछन् । यस्ता निर्णय हामी आफ्नो विद्यमान विश्वदृष्टिका आधारमा मात्र लिन सक्छौं । नयाँ पुस्तामा त्यस्तो दृष्टिको अभाव भयो भने तिनको जीवनको भविष्य अस्तव्यस्त हुन पुग्नेछ ।

चर्को दबाव

सूचनाका अतिरिक्त, अधिकतर स्कूलहरू केटाकेटीलाई पूर्वनिर्धारित कतिपय दक्षता उपलब्ध गराउन अचाक्ली जोड गर्छन् । जस्तै: विभेदक समीकरणहरूको समाधान निकाल्नु, सी प्लस प्लस (एकखाले प्रोग्रामिङको भाषा) मा कम्प्युटर कोड लेख्नु, टेस्ट-ट्यूबमा रसायनहरूको पहिचान गर्नु, अथवा चिनियाँ भाषामा कुराकानी गर्नु । तर, सन् २०५० मा रोजगारको दुनियाँ कस्तो हुन्छ भन्ने हामीसँग कुनै अनुमान नभएकाले हामीलाई वास्तवमा फिटिक्कै थाहा छैन– त्यसवेला मानिसलाई केकस्ता खास दक्षता आवश्यक हुनेछन् । हामी केटाकेटीलाई सी ++ मा कसरी लेख्ने अथवा चिनियाँ भाषा कसरी बोल्ने भन्ने सिकाउन न्वारनदेखिको बल त लगाऔंला, तर यसैबीच हामीले के थाहा पाउने सम्भावना पर्याप्त छ भने सन् २०५० सम्ममा कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स/एआइ) ले सफ्टवेयरको कोडिङ मानिसले भन्दा निकै राम्ररी गर्न थालिसक्नेछ, अनि नयाँ गुगल ट्रान्सलेट एपले तपाईंलाई मन्डारियन, क्यान्टोनिज अथवा हक्का भाषामा धाराप्रवाह वार्तालाप गर्न सक्षम बनाइदिनेछ, भलै तपाईंलाई ‘नी हाउ’ (हलो !) मात्र भन्न आउँदो होस् !

त्यसो भए हामीले के पढाउनुपर्ने हो त ? अनेक अध्यापन-विशेषज्ञहरूको तर्क छ, अब स्कूलमा चार ‘सी’ पढाउन जोड दिनुपर्छः क्रिटिकल थिंकिङ (विवेचनात्मक चिन्तन), कम्युनिकेसन (सम्प्रेषण), कोल्याबोरेसन (सहकार्य) र क्रिएटिभिटी (सृजनात्मकता) । अझ व्यापक तवरमा, स्कुलले प्राविधिक दक्षताहरूलाई कम महत्व दिनुपर्छ र सामान्य उद्देश्यपरक जीवन सम्बन्धी दक्षताहरूलाई बढी महत्व दिनुपर्छ । तिनमा सबैभन्दा महत्वपूर्ण हुन् परिवर्तनको सामना गर्ने, नयाँ कुरा सिक्ने अनि अज्ञात परिस्थितिहरूमा आफ्नो मानसिक सन्तुलन बनाइराख्ने दक्षताहरू ।

सन् २०५० को दुनियाँ सँगसँगै पाइला चाल्न तपाईंले केवल नयाँ विचार र उत्पादनहरू आविष्कार गरेर मात्र पुग्दैन, यी सबै कुराभन्दा माथि आफू स्वयंलाई नयाँ किसिमले खोतल्न पनि जरूरी हुन्छ । किन भने, जति जति परिवर्तनको गति बढ्दै जान्छ, त्यति त्यति अर्थव्यवस्थामा मात्र होइन, मानिस हुनुकै अर्थमा समेत फेरबदल हुने सम्भावना छ । सन् १८४८ मै ‘कम्युनिस्ट मेनिफेस्टो’ ले घोषणा गरेको थियो– ‘जेजति ठोस छ त्यो घुलेर हावा बन्न पुग्छ ।’ मार्क्स र एन्गेल्स त्यसवेला मुख्यतः सामाजिक तथा आर्थिक संरचनाका बारेमा सोचिरहेका थिए । तर, सन् २०४८ सम्ममा शारीरिक र ज्ञानात्मक संरचनाहरू पनि घुलेर हावामा, अथवा डेटा विट्सको बादलमा परिणत हुनेछन् ।

सन् १८४८ मा लाखौं मानिस गाउँमा आफ्नो रोजगारी गुमाइरहेका थिए, र कारखानामा काम गर्न ठूला शहरहरूतिर लर्को लागिरहेका थिए । तर, ठूला शहरमा पुग्दा उनीहरूले आफ्नो लिंग बदल्नुपर्ने अथवा कुनै छैटौं इन्द्रिय जोड्नुपर्ने जस्तो कुनै आवश्यकता थिएन । र, तिनले कपडा आदिका कारखानामा काम पाए र बाँकी जीवन त्यही रोजगारी, त्यही पेशामा रहेर बिताउन सकिने आशा गर्न सक्थे ।

परन्तु, सन् २०४८ सम्ममा मानिसले अस्थिर लैंगिक पहिचानहरूसँग, अनि कम्प्युटरद्वारा सिर्जित नवीन अनुभवहरू सहित साइबरस्पेसमा स्थानान्तरित हुन जाने स्थितिसँग तालमेल कायम गर्नुपर्ने हुन सक्छ । (तिनले प्रविधिले खडा गरेका चुनौती र अवरोधलाई चिर्न र बुझ्न सके भने पनि दश वर्षभित्र कुनै व्यवसाय मात्र होइन, त्यस स्तरको कलात्मक सृजनात्मकता आवश्यक पर्ने सम्पूर्ण कामहरू समेत कृत्रिम बुद्धिमत्ता (एआई) ले कब्जा गरिसक्नेछ ।)

कृपया, भविष्यको यस परिकल्पनालाई, शब्दशः यसैगरी घटित हुनेछ भनेर ग्रहण नगर्नुहोला । आउँदो समयमा जेजस्ता परिवर्तन हामीले देख्नेछौं, तिनको पूर्वानुमान वास्तवमा कसैले गर्न सक्तैन । भविष्यबारेको कुनै पनि परिकल्पना यथार्थबाट धेरै टाढा हुने प्रबल सम्भावना छ । तपाईंका सामु कुनै व्यक्तिले एक्काइसौं शताब्दीको मध्य (सन् २०५०) तिरको दुनियाँको वर्णन गर्छ र त्यो वर्णन विज्ञान-कथा जस्तो लाग्छ भने, त्यो सम्भवतः झूटो हो । तर फेरि, कुनै व्यक्तिले तपाईंका सामु मध्य-एक्काइसौं शताब्दीको दुनियाँको वर्णन गर्छ र त्यो वर्णन विज्ञान-कथा जस्तो लाग्दैन भने, त्यो पनि झूटो नै हो । हामी निश्चयात्मकताहरूका बारेमा निश्चयपूर्वक केही भन्न सक्तैनौं, तर परिवर्तन स्वयंमा एकमात्र निश्चयात्मकता हो ।

तपाईंले कुनै पुस्तक पढेर अथवा कुनै व्याख्यान सुनेर मात्र लचिलोपन सिक्न सक्नुहुन्न । शिक्षकहरू स्वयंमा पनि त्यस्तो लचिलोपन हुँदैन जसको माग एक्काइसौं शताब्दीले गर्छ, किन भने उनीहरू आफैं पुरानो शिक्षा पद्धतिका उत्पादन हुन् ।

औद्योगिक क्रान्तिले हामीलाई शिक्षाको क्रमबद्ध उत्पादन (प्रोडक्सन लाइन) को सिद्धान्त उत्तराधिकारका रूपमा सुम्पेको छ । सहरका बीचमा एउटा ठूलो पक्का भवन हुन्छ, जसमा थुप्रै एकैनासका कोठा हुन्छन् र प्रत्येक कोठा बेन्च र टेबलको लाइनले सज्जित हुन्छ । घण्टीको आवाज सुन्नासाथ तपाईं ती उनन्तीस केटाकेटी सँगै एउटा कोठामा जानुहुन्छ जो त्यसै वर्ष जन्मेका थिए जुन वर्ष तपाईंको जन्म भएको थियो । घण्टैपिच्छे ठूलो उमेरको कुनै मान्छे कोठामा पस्छ र भटभटाउन थाल्छ । त्यसो गरे बापत उसलाई सरकारले पैसा दिन्छ । तीमध्ये एउटाले तपाईंलाई पृथ्वीको आकारबारे बताउँछ, अर्काले मानिसको अतीतका बारेमा सुनाउँछ, अझ अर्काले मानव-शरीरका बारेमा वर्णन गर्छ । शिक्षाको यो विद्यमान ढाँचाको हाँसो उडाउन सजिलो छ र प्रायः सबै केमा सहमत छन् भने, अतीतमा जेजस्ता उपलब्धि भए पनि अब यो ढाँचा खोक्रो भइसकेको छ । तर यसको कुनै आदर्श वा प्रभावशाली विकल्प हामीले निर्माण गर्न सकेका छैनौं । त्यस्तो विस्तारपरक विकल्प त झनै रचेका छैनौं, जसलाई क्यालिफोर्नियाको कुनै सम्पन्न सहरको सट्टा मेक्सिकोका ग्रामीण क्षेत्रमा लागु गर्न सकियोस् ।

मानिसको ह्याकिङ

त्यसैले मेक्सिको, हिन्दुस्तान अथवा अलबामामा कहीं कुनै पुरानो स्कुलमा अड्किएको पन्ध्र वर्षीय किशोरलाई मैले दिन सक्ने सबैभन्दा राम्रो सल्लाह यही हुनेछः आजका वयस्कहरूमा धेरै भर नपर । तीमध्ये धेरैको नियत ठीक छ तर उनीहरू दुनियाँ बुझ्दैनन् । अतीतमा, वयस्कहरूको अनुसरण गर्नु निकै सुरक्षित जूवा हुन्थ्यो किनभने तिनले दुनियाँ निकै राम्ररी बुझेका हुन्थे, र दुनियाँमा परिवर्तन मन्द गतिमा हुन्थ्यो । तर एक्काइसौं शताब्दी एकदम बेग्लै खालको हुँदैछ । परिवर्तनको गति निरन्तर बढिरहेकाले, वयस्कहरूको भनाइ कालातीत प्रज्ञाको कुरा हो कि थोत्रो पूर्वाग्रह भनेर छुट्याउन नै तिमीलाई महाभारत पर्नेछ ।

उसो भए तपाईं उनीहरूको सट्टा केमा भर पर्न सक्नुहुन्छ त ? सायद प्रविधिमा ? तर यो त झन् बढी असुरक्षित जूवा हो । प्रविधिले तपाईंलाई पर्याप्त मदत गर्न सक्छ । तर, यदि प्रविधिले तपाईंको जीवनमाथि धेरै बढी शासन गर्न थाल्यो भने तपाईं उसको कार्यसूचीको बन्धक बन्न सक्नुहुन्छ । हजारौं वर्ष अघि मानिसले कृषिको आविष्कार गरेका थिए, तर त्यो प्रविधिले सानो अभिजात वर्गलाई समृद्ध तुल्यायो अनि बहुसंख्यक मानिसहरूलाई गुलाम बनायो । अधिकतर मानिस सूर्योदयदेखि सूर्यास्तसम्म काममा जोतिइराख्ने र घाँस उखेलिराख्ने भए, पानी भरिएका बाल्टी ओसारिराख्ने भए अनि चर्को घाममा मकै गोडिराख्ने भए । तपाईंका मामिलामा पनि यस्तै हुन सक्छ ।

प्रविधि आफैंमा खराब कुरा होइन । तपाईंलाई आफू आफ्नो जीवनमा के चाहन्छु भन्ने थाहा छ भने प्रविधिले त्यसलाई हासिल गर्न तपाईंलाई मदत गर्न सक्छ । तर तपाईंलाई आफ्नो जीवनमा के चाहन्छु भन्ने थाहा छैन भने, प्रविधिले नै तपाईंका लक्ष्यहरू निर्धारित गरिदिन र तपाईंको जीवनलाई नियन्त्रण गर्न थाल्छ । खास गरी, प्रविधि मानिसहरूलाई बुझ्ने मामिलामा जति जति प्रवीण हुँदै जानेछ, उति उति उसले तपाईंको सेवा गर्नुको सट्टा तपाईं चाहिं उसको सेवामा लाग्दै जानुभएको हुनेछ । तपाईंले ती नीरस व्यक्तिहरूलाई देख्नुभएको छ, जो आफ्नो अनुहार स्मार्टफोनमा गडाएर फूटपाथमा हिंडिरहेका हुन्छन् ? तपाईंलाई के लाग्छ, तिनले प्रविधिलाई नियन्त्रित गर्छन् कि प्रविधिले तिनलाई नियन्त्रित गर्छ ?

जुन दिन जैव-प्रविधि र ‘मेसिन-लर्निङ’ले उन्नत रूप प्राप्त गर्नेछन्, त्यसै दिनदेखि मानिसका भावना र आकांक्षाहरूका साथ छल-योजना गर्न झन् सजिलो हुनेछ । र, त्यसवेला आफ्नो मनको आवाजको अनुसरण गर्नु पहिलेभन्दा बढी खतरनाक हुन पुग्नेछ । जब कोकाकोला, अमेजन, बैदू (एप) अथवा सरकारले तपाईंको मनका तार कसरी तान्ने र मस्तिष्कका स्वीच कसरी थिच्ने भन्ने बुझ्नेछन्, त्यसवेला तपाईंले आफू र तिनका मार्केटिङ विशेषज्ञका बीच फरक छुट्याउन सक्ने के बाँकी रहला ?

तपाईंलाई थाहै नपाई अरू कसैको उपकरण बनाइदिने यो परिपञ्चका बीच ‘सफल’ पार्नका निम्ति तपाईंले आफ्नो ‘अपरेटिङ सिस्टम’ लाई (अर्थात् तपाईं स्वयं के हो र आफ्नो जिन्दगीबाट के चाहनुहुन्छ भन्ने बुझ्न) ज्यादै कठोर परिश्रम गर्नुपर्नेछ । निश्चय नै किताबमा दिइएको सबैभन्दा पुरानो सल्लाह होः ‘आफूलाई चिन ।’ हजारौं वर्षसम्म दार्शनिक र भविष्यद्रष्टाहरूले मानिससँग स्वयं आफूलाई चिन्न अनुरोध गरेका छन् । तर यो सल्लाह जसरी एक्काइसौं शताब्दीमा तत्काल कार्यान्वयन गर्न योग्य भएको छ, त्यस्तो पहिले कहिल्यै भएको थिएन; किन भने आज तपाईं लाओत्से र सुकरातको जमानाको भन्दा बेग्लै र अझ गम्भीर प्रतिस्पर्धाको सामना गरिरहनुभएको छ । कोकाकोला, अमेजन, बैदू र सरकार  सबै तपाईंको दिमागभित्र छिर्न होडबाजी गरिरहेछन् । तपाईंको स्मार्ट फोनमा होइन, तपाईंको कम्प्युटरमा होइन, तपाईंको बैंक खातामा होइन– उनीहरू तपाईंभित्र र तपाईंको जैविक ‘अपरेटिङ सिस्टम’ भित्र छिर्न भयानक प्रतिस्पर्धा गरिरहेका छन् । शायद, तपाईंले सुन्नुभएको होला– हामी कम्प्युटर ह्याकिङको युगमा बाँचिरहेका छौं । तर यो अर्धसत्य हो । वास्तवमा हामी मानिसलाई ह्याकिङ गरिने युगमा बाँचिरहेका छौं । अहिले नै पनि एल्गोरिदमहरूले तपाईंको निगरानी गरिरहेका छन् । तिनले तपाईं कहाँ जानुहुन्छ, के किन्नुहुन्छ र कसलाई भेट्नुहुन्छ भन्ने हेरिरहेका छन् । छिट्टै नै तिनले तपाईंका प्रत्येक पाइला, तपाईंले फेर्ने प्रत्येक सास र तपाईंको मुटुका प्रत्येक ढुकढुकीको निगरानी गर्न थाल्नेछन् । तपाईंलाई बढीभन्दा बढी राम्ररी बुझ्न तिनले बिग डेटा र मसिन लर्निङ को उपयोग गरिरहेका छन् । र, जुन दिन यी एल्गोरिदमले तपाईंलाई तपाईंभन्दा बढी राम्ररी जान्न-बुझ्न थाल्ने छन्, तिनले तपाईंलाई नियन्त्रित गर्न सक्नेछन्, तपाईंसँग छल-योजना गर्न सक्नेछन् र तपाईं यी सबको प्रतिरोधमा केही खास गर्न सक्नुहुने छैन । तपाईं ‘म्याट्रिक्स’ भित्र, अथवा ‘द ट्रुम्यान शो’ भित्र परिसकेको हुनुहुनेछ । (द म्याट्रिक्स जीवनका सम्पूर्ण क्रियाकलाप कम्प्युटरले निर्धारित गर्ने प्रणाली/त्यसमा आधारित फिल्म । ट्रुम्यान शो समग्र जीवन टेलिभिजन शोमा परिणत भएको देखाउने एउटा फिल्म ।) अन्त्यमा, यो एउटा सामान्य अनुभवको विषय हुन पुग्नेछः यदि एल्गोरिदम  ले तपाईं के सोच्तै हुनुहुन्छ भन्ने कुरा साँच्चै तपाईंले भन्दा बढी बुझ्न थाले भने तपाईंको प्रभुत्व तपाईंका हातबाट फुत्केर तिनका हातमा पुग्नेछ ।

निश्चय नै, के सम्भव छ भने, आफ्नो सारा प्रभुत्व एल्गोरिदम का हातमा सुम्पेर अनि आफ्ना तथा दुनियाँका सम्पूर्ण निर्णय गर्ने काम तिनको जिम्मा लगाएर तपाईं पूर्णतः प्रसन्न रहनुहोस् । यदि यस्तो हो भने, ढुक्कसँग लामो सास फेर्नुहोस् र जीवन-यात्राको आनन्द उठाउनुहोस् । तपाईंले केही गर्नै पर्दैन, सबै कुरा एल्गोरिदम ले सम्हालिहाल्छन् । तर, तपाईं आफ्नो अस्तित्व र भावी जीवनमाथिको अलिकति नियन्त्रण आफ्नो हातमा जोगाएर राख्न चाहनुहुन्छ भने, तपाईंले एल्गोरिदम  हरू भन्दा, अमेजन र सरकार भन्दा छिटो दगुर्नुपर्छ; उनीहरूले तपाईंलाई जान्नु-चिन्नुभन्दा पहिले तपाईंले स्वयं आफूलाई जान्नु-चिन्नुपर्छ । तपाईंले निकै छिटो दगुर्नुपर्नेछ, त्यसैले धेरै झेला-झयाम्टा नबोक्नुहोला । आफ्ना सबै भ्रम छोडेर जानुहोला, ती अचाक्ली भारी छन् ।

विश्व इतिहासमा विशेषज्ञता हासिल गरेका लेखक हिब्रु विश्वविद्यालय, जेरुसलेम (इजरायल) का प्राध्यापक हुन् । मानवजातिको विगत र भविष्यको इतिहासमा केन्द्रित विचारोत्तेजक पुस्तकहरूद्वारा अन्तर्राष्ट्रियस्तरमा चर्चित उनको पछिल्लो पुस्तक ‘२१ लेसन्स फर द ट्वेन्टी फर्स्ट सेन्चुरी’ पनि बहुचर्चित छ । प्रस्तुत लेख सोही पुस्तकको १९औं अध्याय ‘एजुकेसन’ (शिक्षा) को अनुवाद हो ।

***(भाषान्तरः शरच्चन्द्र वस्ती)***



तनहुँको भानु नगरपालिका-५ स्थित छसय फाँटमा रोपाइँ गर्ने क्रममा कृषक । जिल्लाका कतिपय ठाउँमा रोपाइँ शुरु भइसकेको छ । *तस्बिर : रासस*

# लेखनाथ खानेपानी संस्थाको वार्षिकोत्सव

**समाधान संवाददाता**
लेखनाथ, ४ असार



पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले प्राकृतिक स्रोत र साधन राज्यको भएकाले यसको संरक्षण र संवर्द्धन गर्नु अनिवार्य भएको बताएका छन् ।

लेखनाथ खानेपानी उपभोक्ता संस्थाको शुक्रबार आयोजित २० औं वार्षिकोत्सवमा प्रमुख जिसीले प्राकृतिको स्रोत र सधान मानिस बाच्नका लागि भएकाले यी प्राकृतिक वस्तुको संरक्षण गरी उपभोग गर्नु बुद्धिमानी हुने बताए ।

विकासका नाममा हुने विनासकारी कामले जनजीवन प्रभावित पारेको तर्क गर्दै उनले विकासका पूर्वाधारहरु निर्माण गर्दा सबै सरोकारवालाबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिए ।

संस्थाका अध्यक्ष विष्णुप्रसाद बरालले करिब साढे १४ हजार उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराइएको जानकारी दिए । संस्थाले २ पानीका मुहान, ७ बोरिङ र २ समवयलमार्फत पानी वितरण गरिरहेको छ ।

संघीय खानेपानी आयोजनाका प्रतिनिधि सागर बस्यालले लेखनाथ खानेपानी उपभोक्ता संस्थाले वितरित पानी विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसारको भएको बताए ।

कार्यक्रममा संस्थाका निर्वतमान अध्यक्ष बोधराज लामिछाने, पोखरा २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङ, वडा नं ३० का वडाध्यक्ष श्रीराम पोखरेल, संस्थाका सचिव मुरारी शर्मा, कोषाध्यक्ष नारायणी भट्टराई लगायतले बोलेका थिए । कार्यक्रममा प्लम्बर शुभराज अधिकारी र स्टोरकिपर सूर्यप्रसाद पौडेल सम्मानित भएका छन् ।

# व्यावसायिक कृषि प्रवर्द्धन गर्दै गाउँपालिका

**वासुदेव पौडेल**
पोखरा, ४ असार

कास्कीको अन्नपूर्ण गाउँपालिकाले 'खाना नफालौं' कार्यक्रम विशेष अभियानका रूपमा सञ्चालन गर्ने भएको छ । आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा स्थानीय तहमा उत्पादित खाद्यान्न सञ्चिती एवं संरक्षण गर्ने र कुनै पनि प्रकारका खानेकुरा खेर नफाल्न स्थानीयलाई सचेतनाका साथ उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्दै यस कार्यक्रमलाई विशेष अभियानका रूपमा सञ्चालन गरिने बताइएको छ ।

गाउँपालिकाको कृषि स्रोतमा आधारित रैथाने बाली, जडीबुटी र फलफूल लगायतका कृषि उपजको उद्योग स्थापना गर्न निजी क्षेत्रलाई आकर्षण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । गाउँपालिकाभित्रका कृषि समूह, विभिन्न ढाँचाका कृषि फर्मका कार्यक्रमलाई सम्बन्धित सरोकारवालासँग समन्वय गरी व्यावसायिक कृषिको रूपमा विकास गरिने गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले बताए ।

'कृषि क्षेत्रको अभिवृद्धि अन्नपूर्ण गाउँपालिकाको समृद्धि' भन्ने मूल नाराका साथ युवालाई कृषिमा आकर्षण गराउन युवा स्वरोजगार र युवा लक्षित कार्यक्रम सञ्चालन गरिने उनले जानकारी दिए । यस कार्यक्रमबाट कोराना भाइरसको विश्वव्यापी महामारीको प्रकोपबाट सिर्जित असामान्य अवस्थाका कारण वैदेशिक तथा स्वदेशमा रोजगारी गुमाएका युवालाई उसको ज्ञान, सीप, अनुभवलाई प्रयोग गरी स्वरोजगार तुल्याउनका साथै आन्तरिक उत्पादनमा आत्मनिर्भर कायम गरिने गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाभित्र '१ घर १ बहुपोषणयुक्त करेसाबारी'लाई विशेष आयोजनाका रूपमा अगाडि बढाउने लक्ष्य लिएको गाउँपालिकाले करेसाबारीमा पुदिना, कुरिलो, कागती, तुलसी, मरहठ्ठी, लेमनग्रास, मेवा, धनियाँ, घ्यूकुमारी जस्ता आयुर्वेदिक महत्व रहेका बिरुवाहरूको उत्पादनसहित उपयोग गर्ने कार्यक्रम रहने उल्लेख गरेको छ ।

कृषि क्षेत्रको विकास र प्रवर्द्धन गर्न गाउँपालिकाभित्रका विभिन्न कृषियोग्य जमिनलाई सम्भाव्यताका आधारमा तरकारी, फलफूल तथा नगदेबालीका पकेट क्षेत्रको रूपमा घोषणा गरी मौसमी तथा बेमौसमी तरकारी तथा फलफूल उत्पादनका साथै माटोको परीक्षण गरी आधुनिक तरिकाले कृषिलाई व्यवसायीकरण गर्न प्रोत्साहन गर्दै विभिन्न वडामा कफी, कोदो, सुन्तला र आलु पकेट क्षेत्रको रूपमा विकास गर्ने गाउँपालिकाको योजना छ ।

> **कास्कीको अन्नपूर्ण गाउँपालिकाले स्थानीय उत्पादन प्रवर्द्धनदेखि चाक्लाबन्दीलाई प्रोत्साहन गर्ने सम्मको नीति लिएको छ**

कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिइने उल्लेख गर्दै नीति तथा कार्यक्रममा त्यसका लागि जग्गा चक्लाबन्दी, गह्रा सुधार र यन्त्र उपकरणमा दिँदै आएको ५० प्रतिशत अनुदान, प्लास्टिक टनेल, पक्की टनेल निर्माण र '१ घर १ टनेल' निर्माण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्नुका साथै पेशागत रूपमा जमीन जोत्ने अति विपन्न कृषकलाई पूर्ण अनुदानमा ट्याक्टर उपलब्ध गराइनेछ ।

संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र गण्डकी प्रदेश सरकारबाट सञ्चालित मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रमलाई प्रभावकारी तुल्याउँदै त्यस क्षेत्रमा कृषिको विशेष पकेट क्षेत्र स्थापना गर्ने नीति लिइएको छ ।

दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण बीच सन्तुलन कायम राख्दै, बाँझो निजी जमिन, सार्वजनिक खुला क्षेत्र तथा खोला किनारमा अलैंची, कागती, स्कुस, एभोगार्डो, किवी, घाँस खेती गर्न सर्वसाधारण व्यक्ति तथा समूहलाई प्रोत्साहन गरिने गाउँपालिकाले जनाएको छ । नदी किनारका जमिन, वेंसी, टार तथा खेतबारीका कान्लामा सम्भाव्य फलफूल खेती गरी यसको उत्पादन बढाई फलफूलमा आत्मनिर्भरताका लागि प्रत्येक घरधुरीमा १ सदस्य १ फलफूलको बिरुवा रोपण कार्यलाई अभियानका साथ अगाडि बढाउने गाउँपालिकाको तयारी छ । उत्पादनबाट कृषकको आयआर्जनमा टेवा पुर्‍याउने नीतिलाई निरन्तरता दिइने भएको छ ।

कृषिलाई आधुनिकीकरण गर्न गाउँपालिकाको आन्तरिक स्रोत र प्रदेश सरकारसँगको साझेदारीमा चक्लाबन्दी गर्न चाहने कृषक र कृषक समूहलाई आवश्यक प्रोत्साहन र अनुदानको व्यवस्था गर्ने गाउँपालिकाको नीति छ । बाँझो खेतको प्रयोग नीति अवलम्बन गर्न भूमि बैंक खडा गरी गाउँपालिकाले कम्तीमा २० वर्षका लागि जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न गाउँपालिकामार्फत प्रस्ताव आह्वान गरी उपयुक्त प्रस्तावलाई छनोट गरिने गरिने भएको छ । सो जग्गाको भौतिक पूर्वाधार ग्रामीण सडक, सिँचाइ, विद्युत्, खानेपानी, शीतभण्डार आदि प्राविधिक सहायता, मल, बिउबिजन र बजार प्रवर्द्धनमा गाउँपालिकाले पहल गर्ने भएको छ ।

कम्तीमा ५ रोपनी वा सोभन्दा बढी जग्गामा मौसम अनुसार एकै प्रकारको खेती गर्ने कृषकलाई व्यावसायिक कृषकको रूपमा पहिचानका साथ कृषि गणना र कृषक परिचयपत्र वितरण गर्ने कार्यलाई अगाडि बढाइने गाउँपालिकाले जनाएको छ । पालिकालाई कोदोमा आत्मनिर्भर बनाउँदै रैथाने बालीका रूपमा संरक्षण/सम्वर्द्धन गर्न अनुदानको व्यवस्था गरी सबै होटल तथा रेस्टुरेन्टमा यसको परिकार सूचीमा राख्न अनिवार्य गरिने भएको छ । कोदो प्रवर्द्धनका लागि विगत वर्षदेखि सञ्चालित कोदो महोत्सवलाई निरन्तरता दिइने अध्यक्ष कुँवरले जानकारी दिए ।

# अर्नाकोट विमानस्थलको डिपिआर तयार

**समाधान संवाददाता**
काठमाडौं, ४ असार

२ वर्षअघि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको अर्नाकोट विमानस्थल पुन: चर्चामा आएको छ । बागलुङको ढोरपाटन नगरपालिका र निसीखोला गाउँपालिकाको बीचमा पर्ने अर्नाकोटमा विमानस्थल निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने गरी गण्डकी प्रदेश सरकारले बजेट विनियोजन गरेपछि चर्चामा आएको हो ।

२ वर्षअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको अगुवाइमा डिपिआर बनाइएको भएपनि त्यस अनुसार काम भने अहिलेसम्म अघि बढेको छैन । पुन: प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा अर्नाकोट समेटिएपछि अर्को प्रक्रिया सुरु भएको हो ।

मध्यपहाडी लोकमार्ग र सालझण्डी ढोरपाटन मार्गको सङ्गम रहेको अर्नाकोटमा ट्वीनअटर विमान उडान गर्नसक्ने विमानस्थल निर्माण गर्न प्राधिकरणले जिम्मा दिएपछि 'रियल पार्ट इन्जिनियरिङ कन्सल्टेन्सी'ले डिपिआर बनाएको थियो । इन्जिनीयर गुरुप्रसाद अधिकारीले ७ सय मिटर लामो रनवेसहितको लामो मैदान बनाउन सकिने प्राविधिक टोलीले सुझाव दिएको बताएका थिए । सो कन्सल्टेन्सीले बनाएको डिपिआर प्राधिकरणलाई हस्तान्तरण गरिएको थियो । प्राधिकरणमा तयार भएको डिपिआर थन्काएर प्रदेश सरकारले भने यो वर्ष सम्भाव्यता अध्ययन गर्न बजेट छुट्टाएको छ । नेपाली कांग्रेस नेता द्रोर्ण कुँवरले संघीय सरकारले बेवास्ता गरेकाले प्रदेश सरकारले त्यसको अपनत्व लिन खोजेको प्रतिक्रिया दिए ।

अहिले संघ सरकारसँगको सहकार्यमा प्रदेशले काम गर्ने गरी बजेट कार्यक्रममा समावेश भएको हुनसक्ने कुँवरको आकलन छ । विमानस्थलका लागि बजेट के कति छ भन्ने प्रष्ट खुलाइएको छैन । ढोरपाटन शिकार आरक्षमा आउने पर्यटकलाई यो विमानस्थल उपयुक्त हुने विश्वास गरिएको छ ।

# वर्षाका कारण बागलुङमा ४१ परिवार विस्थापित

**राष्ट्रिय समाचार समिति**
गलकोट, ४ असार

निरन्तरको वर्षाका कारण बागलुङमा ४१ घर परिवार विस्थापित भएका छन् । गत सोमबारदेखि निरन्तर परेको भारी वर्षाका कारण ४१ परिवारले घर छोडेर अन्यत्र आश्रय लिएर बस्न बाध्य भएका छन् । यसमा अधिकको घर पूर्ण क्षति र केहीको आशिंक क्षति भएको जिल्ला प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ ।

बाढी पहिरोका कारण जिल्लामा ७ घर उच्च जोखिममा परेको र जुनसुकै बेला विस्थापित हुन सक्ने जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक इकवाल हवारीले जानकारी दिए । लगातारको वर्षापछि आएको बाढी पहिरोले जिल्ला सदरमुकामसँग जोडिएका अधिकांश ग्रामीण सडक बन्द भएका छन् । जिल्लाको ताराखोला गाउँपालिकामा घर माथीबाट पहिरो खस्दा वडा नम्बर-५ स्थित भिरकुना भन्ने ठाउँका लिलाबहादुर विकको, मिठे विकको, टिकाराम विकको घरमा क्षति पुगेर विस्थापित भएका छन् ।

जिल्ला प्रहरी कार्यालय बागलुङका अनुसार बागलुङ नगरपालिका ७ पैरावारीमा घरमाथिबाट आएको पहिरोले एउटा घर भत्काएको छ भने अर्को एउटा घर उच्च जोखिममा पारेको छ । पहिरोका कारण स्थानीय रविलाल गौतमको घर गोठ भत्काएको र गोठमा रहेको भैसी पुरिएको छ भने सोही स्थानका महेन्द्र गौतमको घर उच्च जोखिममा परेर परिवार विस्थापित भएका छन् ।

वर्षात्का कारण बागलुङ नगरपालिका ४ स्थित नन्दलाल पौडेलको घर भत्केको, सोही स्थानका प्रदीप शेरचनको २ तले पक्की घर पहिरोको कारण घर उच्च जोखिममा परेको छ । माया जिसीको इटाले बनेको १ तले कच्ची घर पहिरोको कारण घर उच्च जोखिम परेपछि विस्थापित भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी हवारीले जानकारी दिउ ।

बागलुङ नगरपालिका १३ फर्सेडाँडा बस्ने पार्वती पौडेलको घरवरीपरी पहिरो खसेपछि घर उच्च जोखिममा परेको, बरेङ गाउँपालिका-१ भ्युडाडा बस्ने विशाल बिकको घर जोखिममा रहेकाले विस्थापित भएका छन् । गलकोट नगरपालिका ४ चमुवास्थित चन्द्रकला क्षेत्रीको घर पछाडीबाट पहिरो खस्दा ढुंगा माटोले बनेको ढुंगाको छानो भएको २ तले कच्ची घर उच्च जोखिम परी विस्थापित हुनुभएको र सोही स्थानको डाँडाखेतमा देवबहादुर खत्रीको घरमाथिबाट पहिरो खस्दा घर उच्च जोखिममा परेपछि सुरक्षित स्थानमा सारिएको हवारीको भनाइ छ ।

# पश्चिमाञ्चल अस्पताललाई स्कटल्यान्डबाट सहयोग

**समाधान संवाददाता**
पोखरा, ४ असार




कोभिड १९ राहत सहयोग समिति स्कटल्यान्डले पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई बिहीबार ५ अक्सिजन कन्सन्ट्रेटर प्रदान गरेको छ । गैरआवासीय नेपाली संघमार्फत खरिद गरिएका २० अक्सिजन कन्सन्ट्रेटरमध्ये ५ यो अस्पताललाई हस्तान्तरण गरिएको हो ।

जर्मनीमा निर्मित १० लिटर क्षमता भएको उक्त कन्सन्ट्रेटर पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका निर्देशक प्राडा भरतबहादुर खत्रीलाई हस्तान्तरण गरिएको हो । प्राडा खत्रीले स्कटल्यान्डका नेपाली संघ, संस्था तथा व्यक्तिले गरेको सहयोगप्रति अस्पताल आभारी भएको बताए । सहयोग प्राप्त कन्सन्ट्रेटरले कोरोना संक्रमितको उपचारमा ठूलो मद्दत पुग्ने उनको भनाइ छ ।

कार्यक्रममा कोभिड १९ राहत सहयोग समिति स्कटल्यान्डका प्रतिनिधि प्रकाश अर्याल, रामजी बराल, विष्णु बराल लगायतले बोलेका थिए ।

कोभिड १९ राहत सहयोग समितिमा गैरआवासीय नेपाली संघ स्कटल्यान्ड, नेपाल स्कटल्यान्ड एसोसिएसन, ग्लास्गो नेपाली एसोसिएसन, स्कट स्पोर्टस् क्लब, दियो क्लब, नेपाल स्कटिस सोसाइटी, हिमालयन आर्टस् एन्ड कल्चरल सेन्टर, फाइफ नेप्लिज नेपाली एसोसिएसन, नेपाली साउथ साइड कम्युनिटी ग्लास्गो, फोर्थ भ्याली नेपाली एसोसिएसन, जिएस आर्टस् कल्चर, हरियाली आमा समूह, अर्गनाइजेसन फर नेप्लिज कल्चर एन्ड वेलफेयर र नेप्लिज हिमालयन एसोसिएसन स्कटल्यान्ड संलग्न छन् ।

# 'खोपमा पर्यटन क्षेत्रलाई प्राथमिकता देऊ'




**समाधान संवाददाता**
पोखरा, ४ असार

कोरोना महामारीका पहिलो र दोस्रो चरणको सबैभन्दा ठूलो असर पर्यटन क्षेत्रमा देखियो । पोखरा पर्यटन परिषद् आवद्ध संघ, संस्थाले पर्यटन क्षेत्रको अग्रपंक्तिमा रहेकालाई खोपको व्यवस्था सुनिश्चित गर्न माग गरेका छन् ।

पर्यटन संघ, संस्थाको छाता संगठन पोखरा पर्यटन परिषद्ले विज्ञप्ति निकालेर खोप उपलब्ध गराउन स्थानीय, प्रदेश र संघ सरकारको ध्यानाकर्षण गराएको हो । विज्ञप्तिमा 'नो भ्याक्सिन, नो मोर पर्यटन' उल्लेख गर्दै पर्यटन क्षेत्रसँग सम्बद्ध व्यवसायी, कर्मचारी, मजदुर लगायतलाई खोप सुनिश्चित गरी पर्यटनका लागि अन्तर्राष्ट्रिय बजारमा सकारात्मक सन्देश दिन आग्रह गरिएको छ ।

'सरकारले संक्रमणको अवस्था हेरेर विस्तारै बन्दाबन्दी खुकुलो बनाउने तयारी गरेको छ । पर्यटक श्रमजीवीले खोप नलगाई सेवा प्रवाह गर्न सक्ने स्थिति छैन र सेवा दिइहाले पनि सुरक्षित हुन सक्दैन,' विज्ञप्तिमा भनिएको छ, 'स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रलाई प्राथमिकमा राखेर पर्यटनलाई चलायमान बनाउन पोखरा पर्यटन परिषद्सँग आवद्ध संघ, संस्था जोडदार माग गर्दछौं ।'

कोभिड इपिसेन्टर मानिएका मुलुकहरुले पनि खोपको सुनिश्चित गर्दै पर्यटनमार्फत् अर्थतन्त्र चलायमान रणनीति तय गरिसकेका छन् । नेपाल सरकारले पनि यसतर्फ ध्यान दिएर रणनीति तय गर्न विज्ञप्तिमा आग्रह गरिएको छ ।

पर्यटन व्यवसाय जीवन्त राख्न सरकारले ल्याएको मौद्रिक नीतिमा नै स्पष्ट रुपमा पर्यटन र पर्यटन पुनरुत्थानका कार्यक्रमसँगै यस क्षेत्रका मजदुरलाई विशेष राहत प्याकेज ल्याउन पनि आग्रह गरिएको छ ।

# क्यान्सर पीडितलाई सहयोग



**समाधान संवाददाता**
पोखरा, ४ असार

नेपाल अर्बुद रोग निबरण संस्था कास्की शाखाले २ क्यान्सर पीडितलाई सहयोग गरेको छ ।

विश्व धूमपानरहित दिवस मे ३१ को अवसरमा अति विपन्न परिवारका ५६ वर्षका पुरुष र ६७ वर्षकी महिलालाई सहयोग गरिएको हो । कार्यसमिति, सल्लाहकार तथा संस्थाको तर्फबाट५० हजार सहयोग गरिएको छ ।

संस्थाका सभापति प्रेमबहादुर भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार डा. कालु शर्मा सुवेदी, रामचन्द्र थापा, नारायण पराजुली, शान्तकुमार श्रेष्ठ, तीर्थबहादुर बस्नेत र मुना बास्तोला लगायतले बोलेको सचिव डिल्लीप्रसाद शर्माले जानकारी दिए ।

## बीमा लेख हराएको सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं ९ स्थायी ठेगाना भएको तपसिल बमोजिमका एल आई सी नेपालको विमा लेख हराएको हुदाँ निजलाई उक्त विमालेखको प्रतिलिपी गराउनु पर्ने भएकाले उक्त विमालेख उपर कसैको हकदावी भएमा यो सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सप्रमाण सहित मागदावी गर्न सम्वन्धि सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**नाम:** निर्मला श्रेष्ठ
**विमा लेख नं :** १३०००३३७१

सम्पर्क:
**एल.आई.सी नेपाल पोखरा शाखा**
फोन नं.:९८५६०-५०२११




## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं. १८, मेथ्लाङ ग्यारजाति सडक निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम: मेथ्लाङ ग्यारजाति सडक निर्माण उपभोक्ता समिति**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु ८,००,०००।- |
| योजना सम्झौता मिति | : २०७८/०२/२० |
| योजना सुरु हुने मिति | : २०७८/०२/२२ |
| योजना सम्पन्न हुने मिति | : २०७८/०३/१५ |
| योजना सम्पन्न मिति | : २०७८/०२/२९ |
| महानगरपालिकाबाट प्राप्त हुने रकम: | : रु. ५,६०,०००।- |
| उपभोक्ता (जनसहभागिता) बाट | : रु. २,४०,०००।- |

अनुगमन समिति:
संयोजक- राजु शर्मा तिमिल्सिना
सदस्य: विमल तिमिल्सिना, बाबुराम तिमिल्सिना

**रुद्रप्रसाद तिमिल्सिना**
अध्यक्ष
**मेथ्लाङ ग्यारजाति सडक निर्माण उपभोक्ता समिति**
पोखरा-१८

# १८४ संक्रमित थपिए

पोखरा, ४ असार (समाधान)- गण्डकी प्रदेशभर थप १८४ संक्रमित थपिएका छन् । स्वास्थ्य निर्देशनालय गण्डकीका अनुसार ११२४ जनाको परीक्षण गर्दा थप १८४ जनामा कोरोना देखिएको हो ।

सबैभन्दा बढी कास्कीमा ८१ जना संक्रमित छन् । तनहुँमा २८, नवलपुर २७, पर्वतमा २६, लमजुङमा १, बागलुङमा १८, स्याङ्जामा २, म्याग्दीमा १ जना संक्रमित थपिएका छन् ।

गण्डकीमा कोरोना संक्रमितको संख्या ५१९५२ पुगेको छ । तीमध्ये ४६५१ जना सक्रिय संक्रमित छन् ।

आजमात्रै गण्डकीमा ११ संक्रमितको मृत्यु भएको छ । कास्कीका ४, म्याग्दीका ३, पर्वत, लमजुङ, तनहुँ, नवलपुरका १/१ संक्रमितले ज्यान गुमाएका छन् । प्रदेशभर कोरोनाबाट मृत्यु हुनेको संख्या ८७६ पुगेको छ ।

# गरिमाले किन्यो केसिएलको सेयर

पोखरा, ४ असार (समाधान)- गरिमा विकास बैंक लिमिटेड र कसीएल अस्ट्युट क्यापिटल लिमिटेडबीच सेयर स्वामित्व खरिद गर्ने सम्बन्धी सम्झौता भएको छ ।

शुक्रबार भएको कार्यक्रममा सोसम्बन्धी समझदारीपत्रमा गरिमाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकाल र केसिएलको तर्फबाट अध्यक्ष दीपक पाण्डेयले हस्ताक्षर गरेका छन् ।

अब केसिएलमा गरिमाको ५१.२ प्रतिशत सेयर स्वामित्व कायम हुनेछ । केसिएल गरिमाको सहायक कम्पनीका रुपमा स्थापित हुनेछ ।

गरिमाले सेयर किनेपछि केसिएलका नाम परिवर्तन गरी गरिमा क्यापिटल लिमिटेड बनाइने भएको छ ।

# मुस्ताङमा मनसुनको मार

**सुन्दरकुमार थकाली**
जोमसोम, ४ असार



वर्षाले मुस्ताङको जनजीवन प्रभावित भएको छ । यहाँ शनिबारदेखि लगातार पानी परिरहेको छ । वर्षापछि आएको बाढीले वारागुङ मुक्तिक्षेत्र ४ को तिरीगाउँ जोखिममा परेको छ ।

आइतबार राति तिरी गाउँमा ठाडो खोलाको बाढी पसेपछि स्थानीय त्रस्त थिए । जिल्ला प्रहरी कार्यालयको समन्वयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको संयुक्त टोलीले बाढीपछि उद्धार गरेको थियो ।

वर्षासँगै आएको बाढीले केही घर जलमग्न भएका छन् । सोमबार वारागुङ मुक्तिक्षेत्र १ मा पर्ने लुप्रा खोलामा बाढी आउँदा त्यहाँका १५ घर जोखिममा परेका थिए । बर्सेनि नदी कटानले लुप्राको खेतीयोग्य जमिन कटान गरिरहेको छ । उत्तर पूर्वबाट बहने लुप्रा खोला सोमबार दिउँसो थुनिएको थियो ।

खोल थुनिएपछि आएको बाढीले लुप्रा गाउँ जोखिम परेको थियो । लुप्रामा ३ परिवारलाई अन्यत्र स्थान्तरण गरिएको छ । अहिले लुप्राको बहाव घटेकाले तत्कालको संकट टरेको प्रहरीले जनाएको छ ।

अविरल वर्षाले घरपभ्फोङ ५ ढुम्बाका थाक्पा छेङजुङको घरमा क्षति भएको छ । ढुंगा, माटोले बनेको उनको २ तले घर पूर्ण रुपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक आशीष अधिकारीले जानकारी दिए । त्यहाँका अरु २ घरमा पनि क्षति पुगेको छ ।

प्रहरीले त्यहाँ जोखिममा परेकाहरुलाई ढुम्बा समाजघरमा स्थानान्तरण गरेको छ । ठिनी खोलाको बाढीले जोमसोम बजार लगिने खानेपानीको संरचनामा क्षति पुगेको स्थानीय भीषण थकालीले जानकारी दिए । बाढीले क्षति पुर्‍याएको संरचनालाई खानेपानी उपभोक्ता समितिले मर्मत गरेपछि खानेपानी सेवा सुचारु भएको छ ।

> हम्मेसी पानी नपर्ने मुस्ताङमा मुसलधारे वर्षाले खेतीयोग्य जमिन कटान र वस्तीलाई नै जोखिममा पारेको छ

कालिगण्डकी नदीको बाहव उच्च हुँदा घरपभ्फोङ ३ स्याङ गाउँको स्याउबारी र तल्लो स्याङ बस्ती पनि जोखिममा परेका छन् । कालिगण्डकीले बस्ती र स्याउबारी क्षेत्रमा कटान गर्न थालेको छ । शुक्रबार बिहान जोमसोमबाट गएको सुरक्षाकर्मीसहितको टोलीले ग्याबिन लगाएर कालिगण्डकी तर्काएको सहायक प्रमुख जिल्ला अधिकारी जगदीश अर्यालले जानकारी दिए ।

घरपभ्फोङ २ मार्फा खोलामा आइतबारदेखि आएको बाढी अझै रोकिएको छैन । बाढीले खेतीयोग्य जमिनमा कटान गर्ने देखिएपछि स्थानीयले डोजर लगाएर खोला तर्काउने प्रयत्न गरेका छन् । थासाङ २ सौरुमा पनि ठाँडो खोला बढेपछि बस्ती र खेतीयोग्य जमिन जोगाउन खोला तर्काइएको स्थानीय सोजन हिराचनले बताए ।

मार्फा खोला बढेपछि बेनी–जोमसोम जोड्ने सडक अवरुद्ध छ । लामो समयसम्म बाढी नरोकिएपछि पैदलयात्री र सवारी आउजाउमा समस्या परेको गाउँ कार्यपालिका सदस्य राजु लालचन बताउँछन् । पालिकाले ट्याक्टरको बन्दोबस्त गरी पैदलयात्रीलाई खोला पार गराइरहेको छ ।

वारागुङ मुक्तिक्षेत्र, घरपभ्फोङ र थासाङ गाउँपालिकाका विभिन्न वडाबाट बग्ने शाखा नदीहरुको बाहव पनि अहिले उच्च छ । मंगलबार बाढीले क्षति पुर्‍याएको थासाङको कैकु खोला र मिसी खोलाको मुख्य सडक कालिगण्डकी करिडोरको शर्मा गजुरमुखी जेभीले डोजर लगाएर सञ्चालन गरेको छ ।

बेनी जोमसोम सडकको काभ्रेभीर, म्याग्दीको रुप्से र तातोपानीमा सडक डाइभर्सन बगाएपछि बाटो अवरुद्ध छ ।सडक सफा गर्न वर्षा नरोकिएकाले असहज भएको थासाङ ४ का वडाध्यक्ष विशाल शेरचनले बताए ।

अविरल वर्षाले मुस्ताङका परम्परागत माटोका घरहरु जोखिममा पर्न थालेका छन् । ठूलो वर्षातले ढुंगा, माटोले बनेका र छतमाथि सख्खर माटो बिच्छ्याइएका परम्परागत घर भत्किने र पानी चुहिन डर हुन्छ । मुस्ताङमा केही वर्ष अघिबाट विषम मौसम देखिन थालेको छ । 'हिमपात पर्ने समयमा हिउँ नपर्ने, बर्खा याममा अत्यधिक वर्षा हुन थालेको छ, 'टुकुचेका बासिन्दा सपुत थकाली भन्छन्, 'यो वर्ष जस्तो ठूलो पानी कहिल्यै परेको थिएन ।'

# ६२ बाढी, पहिरो प्रभावितलाई राहत

**समाधान संवाददाता**
पोखरा, ४ असार



नेपाल रेडक्रस सोसाइटी कास्कीले मनसुनी वर्षातको कारण आएको बाढी पहिरो प्रभावित ६२परिवारलाई राहत वितरण गरेको छ । रेडक्रसले कास्कीको मादी, अन्नपूर्ण, माछापुच्छ्रे र पोखरा महानगरपालिका क्षेत्रका २९ परिवारलाई पूर्ण र ३३ परिवारलाई आंशिक राहत प्रदान गरेको सभापति डोलराज पाण्डेले जानकारी दिए । असल छिमेकी सहयोग संघ (गोनसा) पोखराले शुक्रबार बाढी प्रभावित परिवारलाई २८ थान त्रिपाल वितरण समारोहमा सभापति पाण्डेले जिल्ला विपद् व्यवस्थापन समिति कास्कीको निर्णय अनुसार रेडक्रसले ५ सय परिवारलाई राहत दिनेगरी व्यवस्थापन गरेको उल्लेख गरे ।

'मनसुनी वर्षात् बढी हुने भएको कारण यो बर्ष बढी जटिल हुने देखिएको छ,' सभापति पाण्डेले भने, 'वर्षात बल्ल सुरुआत भएको छ । पूर्व आंकलन थियो । रेडक्रसले पूर्व तयारी अपनाएको छ ।' उनले विपद् तथा मानवीय सेवामा काम गर्ने रेडक्रससँग आफ्नै छुट्टै कोष नभएको जानकारी दिए । सभापति पाण्डेले सबै सहयोगीसंग लिएर दुख पर्नेलाई राहत दिने गरेको उल्लेख गरे । उनले ५० परिवारलाई जति खेरपनि राहत दिन सक्ने बताए ।

पोखरा महानगरपालिकाका उपमेयर मञ्जुदेवी गुरुङले प्राकृतिक प्रकोप लगायतका विपतलाई रोक्न नसकेपनि आवश्यक पूर्व तयारी अपनाएको खण्डमा जोखिम कम गर्न सकिने उल्लेख गरिन् । उनले जहाँ विपद् त्यहाँ रेडक्रस भन्ने नाराका साथ रेडक्रसले विना कुनै भेदभाव मानवीय काम गरेको बताइन् । गैरसरकारी संस्था महासंघ नेपालका केन्द्रीय महासचिव तथा गोनेसाका महासचिव रामप्रसाद सुवेदीले सयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) र पोखरा महानगरपालिकाको संयुक्त आर्थिक साझेदारीमा सञ्चालित कोभिड १९ प्रतिकार्यका लागि सामाजिक आर्थिक पुनरुत्थान परियोजना अन्तर्गत ७५ हजारको त्रिपाल प्रदान गरेको जानकारी दिए । सबै गैससका हरेक परियोजनाले १ देखि ५ प्रतिशत रकम विपद् व्यवस्थापनका लागि खर्च गर्नुपर्ने प्रस्ताव गर्दै उनले रेडक्रस मार्फत एकद्वार नीति अन्तर्गत राहत वितरण गर्नुपर्ने बताए । उनले प्रकोप प्रभावितलाई राहत प्रदान गर्नको लागि रेडक्रसले सबै गैससहरुसँग वार्षिक रुपमा सम्बाद गर्नुपर्ने सुझाव दिए ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका उपसभापति कृष्णप्रसाद तिमिल्सिनाले कोभिड १९को महामारीसंगै बाढी पहिरो लगायत प्राकृतिक विपत्ति जोडिएको बताए । नेपाल रेडक्रस सोसाइटी कास्कीका मन्त्री धर्मराज अधिकारीले उपसभापति कृष्णप्रसाद तिमिल्सिनाको नेतृत्वमा मादी, कोषाध्यक्ष सुरेन्द्र गुरुङको नेतृत्वमा अन्नपूर्ण र उपमन्त्री उर्मिला खड्काको अगुवाइमा माछापुच्छ्रे गाउँपालिकामा बाढी पहिरो प्रभावितलाई राहत प्रदान गरिएको जानकारी दिए ।

मन्त्री अधिकारीले लायन्स क्लब अफ इन्टरनेशनल ३२५ बी १का डिस्ट्रिक गभर्नर विश्वेश्वर आचार्यको नेतृत्वमा गण्डकी प्रदेशका सबै लायन्स क्लबहरुले रेडक्रसलाई २० थान त्रिपाल प्रदान गरेको जानकारी दिए ।

# ढुंगा, गिटी निकासी नगर्न आदेश

**समाधान संवाददाता**
काठमाडौं, ४ असार



सर्वोच्च अदालतले सरकारले बजेटमार्फत ल्याएको ढुंगा, गिटी र बालुवा निकासी गर्ने योजना तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र विश्वम्भरप्रसाद श्रेष्ठको संवैधानिक इजलासले आज सरकारको उक्त योजना कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

आदेशमा भनिएको छ, 'समान आधार र कारणबाट यसमा समेत नेपाल सरकारको आव २०७८/०७९ को आयव्ययको सार्वजनिक जानकारी वक्तव्यको नं १९९ को व्यवस्था प्रस्तुत रिट निवेदन किनारा नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितिमा राख्नु ।'

आदेशमा बाटोको म्यादबाहेक ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नसमेत भनिएको छ । उक्त निवेदनमाथिको सुनवाइपछि उक्त अन्तरिम आदेश जारी भएको हो । सो विषयमा अधिवक्ताहरु त्रिलोकबहादुर चन्द र उहाँका तर्फबाट अधिवक्ताहरु कीर्तिनाथ शर्मा पौडेल तथा विकास भट्टराईले बहस गरेका थिए ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ताहरू शैलेन्द्रप्रसाद अम्बेडकर, रामबहादुर शाही, डा पुण्यप्रसाद खतिवडा, हरिराम लवजु, अतिस कार्की र विक्रम नगरकोटीले ढुङ्गा, गिटी र बालुवा निकासी गर्ने सरकारको योजना कार्यान्वयन नगर्न अन्तरिम आदेश माग गर्दै छुट्टाछुट्टै रिट दायर गरेका थिए । सरकारले आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा गिटी, बालुवा र ढुङ्गा निकासी गर्ने कार्यक्रम ल्याएको थियो ।

अध्यादेशमार्फत् ल्याइएको बजेटमा यस्तो व्यवस्था गर्दा चुरेलगायत तराई क्षेत्र विनाश हुने भन्दै आलोचना हुँदै आएको थियो ।

# कर तिर्ने समय थप्न चेम्बरको माग

**समाधान संवाददाता**
पोखरा, ४ असार

गण्डकी प्रदेश चेम्बर अफ कमर्सले कर तिर्ने समय सीमा थप्न नेपाल सरकारसँग माग गरेको छ ।

सरकारले तोकेको समय सीमाभित्र उद्योगी, व्यवसायीले कर बुझाउन नसक्ने उल्लेख गर्दै चेम्बरले निषेधाज्ञा खुलेको कम्तीमा ३ महिनाको समय सीमा तोक्न सरकारको ध्यानाकर्षण गराएको छ । अध्यक्ष किसान सुनारले कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि जिल्ला जिल्लामा स्थानीय प्रशासनले जारी निषेधाज्ञाले व्यापार, व्यवसाय ठप्प रहेकाले सरकारले तोकेको असार २५ गतेसम्मको समय सीमामा कर तिर्न नसक्ने जनाएका छन् ।

अध्यक्ष सुनारले अहिलेको कठिन परिस्थितिमा तुरुन्तै कर तिर्न नसक्ने भएकाले २५ असारसम्मको समय सीमाबारे पुनर्विचार गर्न सरकारसँग आग्रह गरे । चेम्बरले गण्डकी प्रदेशका सबै जिल्लामा निषेधाज्ञा जारी रहेकाले सबै व्यवसायीलाई एउटै दर्जामा राखेर कर तिर्न दबाव नदिन सरकारको ध्यानाकर्षण गराएको छ ।

उद्योगी व्यवसायीलाई निषेधाज्ञा खुलेको कम्तीमा ३ महिना समय सीमा तोक्न चेम्बरले सरकारसँग आग्रह गरेको छ । ' प्रदेशका सबै जिल्लामा निषेधाज्ञा जारी भएको विषम परिस्थितिमा सबै व्यवसायीलाई एउटै दर्जामा



किसान सुनार

राखेर कर तिर्न दबाव दिन मिल्दैन,' अध्यक्ष सुनारले भने, 'सरकारले निषेधाज्ञा खुलेको कम्तीमा ३ महिना समय सीमा तोक्न आवश्यक छ ।'

उनले निषेधाज्ञाका कारण उद्योग व्यवसायमा ठूलो धक्का पुगेको अवस्थामा शिथिल अर्थतन्त्रलाई जीवन्त तुल्याउन सरकारले प्रोत्साहन गर्नुपर्ने सुझाव दिए । कर संकलनमा मात्र सरकारले ध्यान दिँदा उद्योगी, व्यवसायी चिन्तित भएको उल्लेख गर्दै उनले निषेधाज्ञाका कारण आर्थिक कारोबार ठप्प रहेको अवस्थामा कर तिर्ने समय सीमा तोकिनु उपयुक्त नभएको दाबी गरे ।

> 'सरकारले निषेधाज्ञा खुलेको कम्तीमा ३ महिना समय सीमा तोक्न आवश्यक छ'

उनले निषेधाज्ञाको अवधिमा अत्यावश्यक वस्तुको उत्पादन उद्योग तथा व्यवसाय सञ्चालन गरेका सम्पूर्ण उद्योगी व्यवसायीलाई कोभिड १९ विरुद्धको खोपको व्यवस्थापन गर्न माग गरे । अर्थ मन्त्रालय आन्तरिक राजस्व विभागले गत बुधबार सूचना प्रकाशित गरी कर विवरण तथा कर दाखिला गर्ने म्याद असार २५ गतेसम्म तोकेको छ ।

विभागले २०७७ साल चैत र वैशाख महिनाको मासिक तथा चैत र वैशाख महिनाको द्विमासिक अवधिको मूल्य अभिवृद्धि कर विवरण र कर दाखिला गर्ने समय सीमा असार २५ गतेसम्म निर्धारण गरेको छ ।




**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com